खिजीदेम्वा गाउँपालिका

खिजीफलाटे,ओखलढुङ्गा

बैठक संख्याः ४४

मितिः २०८२/१२/०३ गते मंगलबार

खिजीदेम्वा गाउँपालिका अध्यक्ष श्री गम्बु शेर्पाज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको समुपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गम्बु शेर्पा | अध्यक्ष | |
| २ | श्री शुसिला तामाङ | उपाध्यक्ष | Tamang |
| ३ | श्री कुमार सुनुवार | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सुरेन्द्र शंकर घिमिरे | २ नं. वडाध्यक्ष | |
| ५ | श्री टंकराज सुनुवार | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री होम वहादुर सुनुवार | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री राम कुमार सुनुवार | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री पासाङ निमा शेर्पा | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री डिल्ली राम बस्नेत | ७ नं. वडाध्यक्ष | |
| १० | श्री नगेन्द्र बहादुर बस्नेत | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री ङवाङ फुरी शेर्पा | ९ नं. वडाध्यक्ष | |
| १२ | श्री दोर्ची शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री कवितादेवी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री दुर्गादेवी सुनुवार | कार्यपालिका सदस्य | दुर्गा |
| १५ | श्री रामकुमारी बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री पसि शेर्पा | कार्यपालिका सदस्य | पसि |
| १७ | श्री आङ ल्वामु शेर्पा | कार्यपालिका सदस्य | ल्वामु शेर्पा |
| १८ | श्री नबिना गिरी | प्रमुख प्रशासकीय अधिकृत | |

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

**प्रस्तावहरुः-**

१. गाउँ सभा अधिवेशन सम्बन्धमा ।

२. ठेक्काको म्याद थप सम्बन्धमा ।

३. सेवा करारमा कार्यरत (स्वास्थ्य) कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा ।

४. सार्वजनिक सुनुवाई सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

निर्णय नं १

चालु आ. व. २०८२।०८३ को खिजीदेम्वा गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशन मिति २०८२।१२।०६ गते बस्ने र शाखागत तथा वडागत बजेट रकमान्तर एवं शिर्षक मिलान सम्बन्धी आवश्यक तयारी गर्ने निर्णय गरियो ।

निर्णय नं २

चालु आ. व. २०८२।०८३ मा सञ्चालित देहाय बमोजिमका ठेक्काहरुको काम प्रतिनिधि सभाको निर्वाचन लगायत विविध कारणले प्रभावित भई सम्झौता मितिमा सम्पन्न हुन नसक्ने भनि म्याद थप गर्न निवेदन पेश भएकोले श्री नगेश कालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. मध्यपुर ठिमि न.पा. ९ भक्तपुरको मिति २०८३।०१।३० सम्म र श्री विश्व कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. खिजीदेम्वा गाउँपालिका ६ ओखलढुङ्गाको २०८२।०१।३० सम्म ठेक्काको म्याद थप गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | सप्लायर्सको नाम ठेगाना | ठेक्काको नाम | कै. |
|---|---|---|---|
| १. | श्री नगेश कालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. मध्यपुर ठिमि न.पा. ९ भक्तपुर | KDRM/OKH/NCB/WORKS/02/2082/083, Construction of infrasturcture for rural municipality building compound | |
| २. | श्री विश्व कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. खिजीदेम्वा गाउँपालिका ६ ओखलढुङ्गा | KDRM/OKH/NCB/WORKS/01/2082/083, Construction of covered hall, toilet, bathroom and parking at Khijidemba-05 | |

निर्णय नं. ३

आधारभुत तलब स्केल पाउँ भनि विभिन्न मितिमा कर्मचारीहरुद्वारा सामुहिक तथा व्यक्तिगत निवेदन पेश भई आएको र निजहरुले हालसम्म स्केल भन्दा कम तलबमा सेवा गर्दै

सबिना गिरी
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर ...
अध्यक्ष

आइरहेकोले स्वास्थ्यतर्फका चौथो तहका कर्मचारीहरुको, कृषि स्नातक (छैंठौ तह) र नागरिक आरोग्य सेवा केन्द्रका अभियानकर्ता (चौथो) तहको पारिश्रमिक नेपाल सरकारले तोकेको तलब स्केल अनुसार प्रदान गर्ने साथै आधारभुत अस्पताल खिजीफलाटेमा कार्यरत डा. समिर श्रीवास्तवको खाईपाई आएको तलबमा मासिक रु.१००००।- को दरले वृद्दी गरी वि.सं. २०८३ वैशाख देखी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं ४

चालु आ. व. २०८२।०८३ को सार्वजनिक सुनुवाई कार्यक्रम वि.सं. २०८३ वैशाखमा गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस गाउँपालिका अन्तर्गत रिक्त रहेको विभिन्न स्थायी तथा अस्थायी दरबन्दी अन्तर्गतका निम्नलिखित पदहरुमा तत्काल कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले श्री प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश विराटनगरले प्रकाशित गरेको बैकल्पिक तथा अस्थायी योग्यताक्रममा रहेका उम्मेद्धारहरुबाट माग गरी सेवा करारमा पदपुर्ति गर्ने निर्णय गरियो ।

तपसिलः-

| क्र.सं. | पद | तह | सेवा/समूह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | रेडियो ग्राफर | सहायक पाँचौ | स्वास्थ्य/रेडियोलोजी | १ | |
| २. | हेल्थ असिस्टेन्ट | सहायक पाँचौ | स्वास्थ्य/हे.ई. | २ | |
| ३. | स्टाफ नर्स | सहायक पाँचौ | स्वास्थ्य/जनरल नर्सिङ | १ | |
| ४. | अ.न.मी. | सहायक चौथो | स्वास्थ्य/जनरल नर्सिङ | ४ | |

निर्णय नं. ६

यस गाउँपालिका अन्तर्गत वडा नं. २ मा रहेको सामुदायिक स्वास्थ्य इकाई बौद्ध र सामुदायिक स्वास्थ्य इकाई दुदुमा रिक्त रहेको कार्यालय सहयोगी कर्मचारीहरु सेवा

नबिना गिरी
प्रमुख प्रशासकीय अधिकृत

[illegible]
अध्यक्ष

करारमा लिन विज्ञापन गरी पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका उम्मेद्वारहरुबाट दरखास्त फाराम माग गरी सेवा करारमा पदपुर्ति गर्ने निर्णय गरियो। साथै निर्णय नं. ५ बाट पदपूर्ति हुन नसकेमा सेवा करारमा दरखास्त फाराम आव्हान गरी पदपुर्ती गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश सरकार (योजना तथा अनुगमन शाखा) को च.नं. ८८२ को पत्रानुसार स्थानीय तहबाट आ.व. २०८२।०८३ मा प्रदेश समपुरक अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव पेश गर्न माग भएकोले देहायका आयोजना वा कार्यक्रमको प्रस्ताव पेश गर्ने निर्णय गरियो।

| क्र.सं. | आयोजना वा कार्यक्रमको नाम | रकम (रु.) |
|---|---|---|
| १. | साझाबारी चण्डीथान चुली महभिर मोलुङ गा.पा. हुँदै जिल्ला सदरमुकाम ओखलढुङ्गा जोड्ने मुख्य सडक स्तरोन्नती | २००००००००।- |
| २. | धारापानी ताउर छेमार्दिङ टुक्सिन्दोक झाप्रे हुँदै सोलुखुम्बु जिल्ला जोड्ने सडक स्तरोन्नती | २००००००००।- |

निर्णय नं. ८

सस्नालु फेताले नस्बु सडक मर्मत कार्यका लागि पुर्वाधार विकास कार्यालय ओखलढुङ्गासँग आवश्यक बजेट माग गर्ने निर्णय गरियो।

सबिना गिरी
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

निर्णय नं. ९

खिजीदेम्वा गाउँपालिको वडा नं. ५ मा सञ्चालित श्री थामथोले ईङ्लिस बोर्डिङ्ग स्कुलले कक्षा ६ सञ्चालनका लागि अनुमति माग गरेको हुँदा उक्त विद्यालयलाई कक्षा ६ सञ्चालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १०

खिजीदेम्वा गाउँपालिकाको आधारभुत तह कक्षा १ देखि ३ को मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ११

यस गाउँपालिकाभित्रको विद्यालयहरुमा राष्ट्रपति रनिङशिल्ड क्लोजक्याम्पका लागि खेलकुद प्रशिक्षकहरुले प्रशिक्षण गर्न विद्यालयमा आवश्यक सामग्रीहरुको अभाव भएका कारण यथाशिघ्र खेलकुद सामग्री खरिद गर्न मिति २०८२।१०।००७ मा माग भईआएकोले खेलकुद सामग्री खरिद बापतको रु. १८९३००।- (रु.एक लाख उनान्नब्बे हजार तीन सय) आगामी सभाबाट रकम विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो।

नविना गिरी
प्रमुख प्रशासकीय अधिकृत

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

आज मितिः २०८२/११/०३ गते मंगलबारको दिन गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु र निर्णयहरुलाई सर्वसम्मत स्वीकृत गरियो।

| | | | |
|---|---|---|---|
| ........... | ........... | ........... | ........... |
| श्री दोर्ची शेर्पा | आङ ल्वामु शेर्पा | पसि शेर्पा | रामकुमारी बस्नेत |
| सदस्य | सदस्य | सदस्य | सदस्य |
| ........... | ........... | ........... | ........... |
| दुर्गादेवी सुनुवार | कुमार सुनुवार | सुरेन्द्र शंकर घिमिरे | टंकराज सुनुवार |
| सदस्य | वडाध्यक्ष | वडाध्यक्ष | वडाध्यक्ष |
| ........... | ........... | ........... | ........... |
| कवितादेवी सुनुवार | होम बहादुर सुनुवार | राम कुमार सुनुवार | पासाङ निमा शेर्पा |
| सदस्य | वडाध्यक्ष | वडाध्यक्ष | वडाध्यक्ष |
| ........... | ........... | ........... | ........... |
| डिल्ली राम बस्नेत | नगेन्द्र बहादुर बस्नेत | ङवाङ फुरी शेर्पा | सुशिला तामाङ |
| वडाध्यक्ष | वडाध्यक्ष | वडाध्यक्ष | उपाध्यक्ष |

...........

गम्बु शेर्पा

अध्यक्ष